परियोजनाको तर्फबाट राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चद्वारा प्रकाशित

राजनीतिमा सिमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धिका लागि

# महिला विचार

# MAHILA BICHAR

त्रैमासिक बुलेटिन

वर्ष १, अंक ३, साउन-असोज २०६६ Year 1, Vo. 3, July-September 2009



यस अंकमा


- गाउँका महिलाको राजनीतिक चेतनामा परिवर्तन - ३
- फलाँटे गाविसमा हुन छाड्यो बहुविवाहक - ४
- महिला सशक्तीकरण तथा कानुनी सचेतना तालिम - ४
- अझै घुम्टोभित्र छन् बोट जातिका महिला - ५
- अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९... - ६
- महिला मञ्चको सम्पर्क कार्यालय स्थापना - १०
- महिला सिर्जना - १०
- मञ्चका सदस्यलाई रेडियो वितरण - ११
- सडक नाटक प्रदर्शन - ११
- तस्विरमा लोकतान्त्रिक महिला मञ्च - १२


UNDEF The United Nations Democracy Fund

Association of District Development Committees of Nepal 2051

World Vision Advocacy Forum 2004

NIWF Kathmandu, Nepal Estd. 1998

CamScanner

# समाजमा व्याप्त असमानता अन्त्य गरौं

राज्यले धेरै अगाडिबाट महिला, आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिमलगायतका लोपोन्मुख, सीमान्तकृत समुदायलाई मूल धारमा समावेश नगरी विभेदको व्यवहार गरेका कारण यस्ता समुदायले अहिलेसम्म पनि राज्यबाट आफू ठगिएको महसुस गरिरहेका छन्। लोकतन्त्रमा हरेक वर्ग, जाति, लिंग र समुदायका हकअधिकार समान हुन्छन्। लोकतन्त्र, राज्यसंरचना र सामाजिक बनोट एक-अर्काका परिपूरक हुन्। लोकतन्त्रमा राज्यले सबै बर्ग, जाति, लिंग र समुदायको पहिचान, पहुँच, प्रतिनिधित्वका विषयमा ध्यान दिन सक्नुपर्छ। लोकतन्त्रलाई समावेशी बनाउने हो भने यसमा बहुजातीय र बहुसांस्कृतिक स्वरुप प्रदान गर्नुपर्ने आवश्यकता छ। त्यसैले अब नेपालमा बहुल संस्कृतिवादी राज्यसंरचना अपरिहार्य भएको छ।

मुलुकमा लोपोन्मुख तथा अतिसीमान्तकृत समुदायका महिलाको अवस्था अझै पनि दयनीय छ। यस्ता समुदायका महिलाको राजनीतिक प्रतिनिधित्व सुनिश्चितताका लागि राज्यले समता र समावेशीकरणका आधारमा स्थानीय निकायदेखि केन्द्रसम्म समावेशी तथा समानुपातिक निर्वाचन प्रणालीलाई अवलम्बन गनुपर्ने आवश्यकता छ। राज्यबाट विगत लामो समयदेखि ठगिँदै आएका लोपोन्मुख तथा अति सीमान्तकृत समुदायका महिलाका लागि कोटा निर्धारण गरी उनीहरुबीच मात्र प्रतिस्पर्धा गर्ने व्यवस्था पनि तत्कालको आवश्यकता हो। यसका लागि संविधानमा नै ग्यारेण्टी गर्ने व्यवस्था हुनुपर्छ।

यस्ता महिलालाई राज्यको मूलधारमा ल्याउन राजनीतिक दलहरुले पनि आफ्नो सांगठनिक ढाँचामा व्यापक परिवर्तन ल्याउनु आवश्यक छ। दलहरुले सबै वर्गका महिला, जाति, भाषा र धर्मका अनुयायीहरुलाई दलभित्र प्रवेश गर्न सक्ने वातावरण बनाउनु पर्दछ। सबै जाति, भाषा, धर्म र संस्कृतिलाई एउटै वर्गीय आधारभित्र रहेर सम्बोधन गर्ने लोकतान्त्रिक अभ्यासबाट मात्र समाजमा व्याप्त असमानतालाई हटाउन सकिन्छ। राजनीतिक दलहरुको आन्तरिक संगठनमा पनि महिला, अल्पसंख्यक, लोपोन्मुख तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चितताका लागि दलहरुका विधानमा नै बाध्यात्मक व्यवस्था गरिनुपर्छ।

मुखले भाषण गर्दा सबै राजनीतिक दलका नेताले सबै वर्ग, समुदाय, जाति, भाषा, संस्कृति र धर्मलाई समानताका आधारमा महत्व दिने बताइरहे पनि व्यवहारमा त्यसअनुरूप भएको देख्न सकिदैन। त्यसैले अब बन्ने नयाँ संविधानमा सबै वर्ग र समुदायका हकअधिकार सुनिश्चित हुन्छन् भन्ने कुरामा आशंका गर्ने प्रशस्त ठाउँ छ। अब नयाँ संविधान निर्माणका लागि समय पनि धेरै छैन त्यसैले यस्ता समुदायका हकअधिकार सुरक्षित गर्न सरोकारवालाले पनि घच्घच्याउन आवश्यक छ।

CamScanner

# गाउँका महिलाको राजनीतिक चेतनामा परिवर्तन


● *महिला विचार संवाददाता*

**बाँके** : छोरा र छोरी, महिला र पुरुषबीच जतिसुकै समानताका कुरा भए पनि व्यवहारमा लागू भएको पाइँदैन । जुनसुकै क्षेत्रमा पनि पुरुषका तुलानामा महिला सहभागिता न्युन नै रहेको पाइन्छ । अझ राजनीतिमा त महिला सहभागिता सोचे जस्तो अझै हुन सकेको छैन । अति सीमान्तकृत महिला, आदिवासी जनजातिलाई राजनीतिको मूलधारमा सहभागी गराउनका लागि राज्य तथा अन्य संघसंस्थाले सक्रियता देखाउनु आवश्यक छ ।

संयुक्त राष्ट्रसंघीय प्रजातान्त्रिक कोषको सहयोगमा जिल्ला विकास समिति महासंघ, विश्व परिदृश्य वकालत मञ्च र राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको साझेदारीका साथै स्थानीय जिल्ला विकास समितिको सहकार्यमा नेपालका अति सीमान्तकृत महिलाहरूलाई राजनीतिमा सहभागिता वृद्धिका लागि केही समययता विभिन्न जिल्लामा गतिविधि सञ्चालन भइरहेका छन् । यो कार्यक्रम बाँके जिल्लाका महिलामा सकारात्मक परिवर्तन गराउन सफल हुँदै गएको छ । जिल्लामा लोकतान्त्रिक महिला मञ्च गठन भएपछि यस्तो परिवर्तन देखिन थालेको हो ।

बाँके जिल्लाको चिसापानी गाविसमा गठित लोकतान्त्रिक महिला मञ्चकी अध्यक्ष नैना चौधरीका अनुसार यो परियोजना सञ्चालन हुनुअघि गाउँका महिलालाई राजनीतिका बारेमा केही पनि जानकारी थिएन । तर अहिले लोकतान्त्रिक महिला मञ्चमा आवद्ध भएपछि गाउँका महिलाको राजनीतिक चेतनामा निकै परिवर्तन आएको छ । अध्यक्ष नैना भन्नुहुन्छ, 'पहिले गाउँका महिला घरवाट कतै बाहिर गए पनि बोल्न सक्दैनथे, अहिले यसरी बाहिर जाँदा आफ्नो परिचय आफै दिन सक्ने भएका छन् ।'

नैनाले लोकतान्त्रिक महिला मञ्चमा आबद्ध भएपछि आफू स्वयंमा पनि निकै परिवर्तन आएको महसुस गर्नुभएको छ । मञ्चमा आवद्ध भइसकेपछि आफूले जाने बुझेको विषयमा नैना भन्नुहुन्छ, 'पहिले मैले केही पनि जानेको थिएन । म आफै पनि आफ्नो परिचय दिन सक्दिनथे । तर अहिले मञ्चमा आबद्ध भएपछि परिचय दिनमात्रै होइन मनमा लागेका कुरा निर्धक्क भएर भन्न पनि सक्छु ।'



महिलाले घरभित्र मात्रै सीमित भएर बस्ने होइन राजनीतिमा लागेर आफ्नो हकअधिकार पनि खोज्नुपर्छ भन्ने पनि बुझ्नु भएको छ नैनाले । नैनाले मात्रै होइन चिसापानी गाविसका अन्य महिलाहरू पनि विगतको तुलनामा राजनीतिप्रति निकै चनाखो भएका छन् । चिसापानी लोकतान्त्रिक महिला मञ्चकी अर्की सदस्य तारा गुरुङ चौधरीले लोकतान्त्रिक महिला मञ्चसँग आबद्ध भएपछि आफूमा आएको परिवर्तन यसरी सुनाउनुभयो, 'मलाई कतै गएर आफ्नो परिचय दिन पनि डर लाग्थ्यो तर अहिले बोल्नु पर्नेरहेछ, आफ्नो कुरा भन्नुपर्ने रहेछ भन्ने लाग्न थालेको छ । मञ्चमा लागेपछि महिला पनि राजनीतिमा सक्रिय हुनुपर्ने रहेछ भन्ने लागेको छ । अब हामीले पनि केही गर्न सक्छौं कि भन्ने लागेको छ ।' अधिकांश समय चुलोचौकोमा सीमित महिलाहरू राजनीतिमा सक्रिय नभए पनि राजनीति र आफ्नो अधिकारका बारेमा जागरुक हुन थालेका छन् । विभिन्न संघसंस्था र राजनीतिक दलका गतिविधिप्रति उनीहरूले पनि निकै चाख दिन थालका छन् । बाँके जिल्लाकै खासकुस्मा गाविसको लोकतान्त्रिक महिला मञ्चकी सदस्य प्रेमा चौधरी पनि लोकतान्त्रिक महिला मञ्चको गठनपछि निकै उत्साही देखिनुहुन्छन् । प्रेमाले मञ्च गठनपछि र त्यसमा आवद्ध भएपछि आफूमा पनि केही गर्न सक्ने आत्मविश्वास बढेको बताउनु भयो । प्रेमाको भनाइ छ, 'मञ्चमा आबद्ध भएपछि मैले पनि केही गर्न सक्छु भन्ने लागेको छ । मानवअधिकार र महिला अधिकारका बारेमा पनि धेरै कुरा थाहा भयो ।'

राजनीतिमा महिलाहरूको सहभागिताका लागि महिलाको मात्र प्रयासले पक्कै पनि संभव छैन । महिलाको हकअधिकार सुनिश्चित गर्न पुरुषहरूको पनि सकारात्मक भूमिकाको आवश्यकता महत्वपूर्ण हुन्छ । कुसपारिया संघका केन्द्रीय अध्यक्ष वद्री कुसपारिया महिलाले एकजुट भएर सरकारलाई दबाब दिन सके मात्र महिलाको हकअधिकार संविधानमै सुनिश्चित गराउन सकिने बताउनुहुन्छ । उहाँले भन्नुभयो, 'मौखिक रुपमा मात्र होइन महिलाको हकअधिकार कानुनी रुपमा नै सुनिश्चित गरिनु आवश्यक छ ।' अध्यक्ष कुसपारियाले भने जस्तै महिलाहरूको हकअधिकार सुनिश्चित गराउन महिलाहरू छरिएर होइन गोलबन्द भएर, एकजुट भएर अगाडि बढ्न सके जुनसुकै क्षेत्रमा महिलाको सहभागिता अवश्य वृद्धि हुनेछ ।



CS CamScanner

# फलाँटे गाविसमा हुन छाड्यो बहुविवाह

● *महिला विचार संवाददाता*

**काभ्रे** : राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिबृद्धि कार्यक्रमअन्तर्गत काभ्रेको फलाँटे गाविसमा गठित लोकतान्त्रिक महिला मञ्चले गाउँका दलित समुदायमा प्रचलित बहुविवाह रोक्न सफलता पाएको छ। मञ्च गठन भएपछि गाविसमा बहुविवाह गर्न खोज्ने पुरुष पछि हटेका छन्। मञ्चले गत असारमा गाविस तथा स्थानीय प्रहरी चौकीसँग समन्वय र सहकार्य गरी दलित जातिमा प्रचलित बहुविवाह रोकेको हो।

महिला मञ्चको पहलमा बहुविवाह गर्नेलाई दुई हजार रुपैयाँ जरिवाना तिराएपछि यस्तो विवाह गर्न खोज्ने अरु पुरुष पछाडि हट्न थालेका हुन्। बहुविवाह गर्नेलाई तिराइएको जरिवाना रकम स्थानीय विद्यालय भवन मर्मत गर्नमा खर्च गरिएको छ।

लोकतान्त्रिक महिला मञ्च गठन भएपछि गाविसमा जुवातास खेल्ने र जाडरक्सी सेवन गर्नेहरू पनि हिच्किचाउन थालेको छन्। कुलतमा लागेका युवा पनि अहिले कुलत त्यागेर सही बाटोमा हिँड्न थालेका छन्।

देवभूमि बालुवा- ५ की मैया विक दलित समुदायकी महिला हुनुहुन्छ। लोकतान्त्रिक महिला मञ्चकी सदस्य रहेकी मैयाले यस मञ्चमा आबद्ध भएपछि आफूले महिलाको हकअधिकार के हो र कोसँग कसरी बोल्नु पर्छ भन्ने बारेमा थाहा पाएको बताउनु भयो। सुरुमा उहाँलाई मञ्चको बैठकमा आउँदा नाम भन्नसमेत डर लाग्थ्यो। कसैलाई केही कुरा सोध्नु पर्‍यो भने पनि उहाँ खुलेर कुरा गर्न सक्नुहुन्नथ्यो। अहिले भने उहाँलाई

> **महिला मञ्चको पहलमा बहुविवाह गर्नेलाई दुई हजार रुपैयाँ जरिवाना तिराएपछि यस्तो विवाह गर्न खोज्ने अरु पुरुष पछाडि हट्न थालेका हुन्।**

सबै मानिस समान रहेछन् भन्ने लाग्न थालेको छ। उहाँको भनाइ छ, 'अब त म खुलेर कुरा गर्न सक्छु। आफूलाई लागेका कुरा राख्न सक्छु, गाउँघरमा आइपरेका समस्याका बारेमा छलफल गरी समाधान खोज्न पनि सक्ने भएकी छु।' उहाँ अहिले अरु महिलालाई पनि यसरी नै अगाडि बढ्न सल्लाह दिनुहुन्छ।

देवभूमि बालुवा गाविसमा लोकतान्त्रिक महिला मञ्चले महिला मानवअधिकार रक्षक सञ्जाल काभ्रे, महिला सशक्तीकरण इकाइ जिविससँग समन्वय गरी एक दिने आँखा शिविर सञ्चालन गरेको छ। यसैगरी महिला हिंसा विरुद्ध र्‍यालीमा पनि मञ्चले सहभागिता जनाएको छ। मञ्चले महिला हिंसा, मानव अधिकार हनन्, सामाजिक दुर्व्यवहार, बलात्कारजस्ता सामाजिक अपराधविरुद्ध पनि गतिविधि सञ्चालन गरिरहेको छ। यसका कारण महिला हिंसाका घटनामा पनि न्यूनीकरण हुँदै गएको पाइएको छ।

जिल्लामा गठित लोकतान्त्रिक महिला मञ्चले स्थानीय सीमान्तकृत महिलाका लागि लैङ्गिक तथा सशक्तीकरण तालिम, सीप विकास र आय आर्जनका कार्यक्रम, राजनीतिक चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनका लागि प्रस्ताव तयार पारी गाविस, जिविस तथा अन्य संघसंस्थामा पेस गरेका छन्।

काभ्रेका पाँचवटै गाविसस्तरीय लोकतान्त्रिक महिला मञ्चले स्थानीय निकायसम्म आफ्नो पहुँच बढाउन मञ्चका सदस्यमध्ये दुईजनालाई गाविसको सर्वदलीय संयन्त्रमा प्रतिनिधित्व गराएका छन्।

# महिला सशक्तीकरण तथा कानुनी सचेतना तालिम

**संखुवासभा** : खराङ्ग गाविसमा गठित लोकतान्त्रिक महिला मञ्चले गाउँ विकास कार्यक्रम खराङ्गको सहयोगमा महिला सशक्तीकरण तथा कानुनी सचेतना मुलक तीन दिने तालिम सम्पन्न गरेको छ। स्थानीय स्तरमा महिला सशक्तीकरण गर्ने उपायहरू तथा महिला अधिकार र कानुनी व्यवस्था विषयमा जानकारी पुर्‍याउने उद्देश्यले उक्त तालिम आयोजना गरिएको हो। तालिममा महिला र पुरुष समान रुपमा सहभागी थिए।

सशक्तीकरणका लागि सञ्चारको महत्व तथा महिला अधिकार, मानव अधिकार, घरेलु हिंसा र कानुनी दण्ड-सजायको व्यवस्था तथा घरायसी लिखत सम्बन्धमा जानकारी दिइएको थियो। तालिममा झमला रिजाल तथा जिल्ला दलित नेटवर्कका संयोजक टंक दर्नालले सहजीकरण गर्नु भएको थियो। कानुनी सचेतना सम्बन्धी विषयवस्तुमाथि जिल्ला बार इकाई संखुवासभाका अध्यक्ष पर्शुराम रिजाल, सचिव भवानीप्रसाद आचार्य तथा सदस्यद्वय चेतनाथ ढकाल र रामप्रसाद गौतमले जानकारी गराउनु भएको थियो।

तालिमको समापन कार्यक्रममा गाविसका प्रतिनिधिलगायत मञ्चका सल्लाहकार सदस्यहरूसमेतको उपस्थिति थियो। त्यस अवसरमा गाविस सचिव सुरेश गौतमले खराङ्गबासी महिलाहरूका निमित्त यस्ता कार्यक्रमहरू अत्यन्त आवश्यक भएको बताउनुभयो।

# अझै घुम्टोभित्र छन् बोट जातिका महिला

● *विजयालक्ष्मी गुरुङ*

**कञ्चनपुर** : नेपालमा बसोबास गर्ने विभिन्न जातजातिका आआफ्नै प्रकारका संस्कृति, धार्मिक महत्व, भेषभूषा तथा रहनसहन छन् । सबैलाई आआफ्नो संस्कृति र चाल चलनअनुसार चल्न पाउने स्वतन्त्रता छ । यसैलाई हामी मानवअधिकार पनि भन्छौं ।

मानवअधिकार कसैले दिएर दिइने र पसलबाट किन्न पाइने विषय होइन । यो जन्मसिद्ध र अहरणीय हुन्छ । कसैले कसैको मानवअधिकार खोस्न सक्दैन । तर मधेसी समुदायअन्तर्गत पिछडा वर्गमा पर्ने कञ्चनपुरकी बोट जातिकी महिला ममता बोटको भनाइले उनीहरूको मानवअधिकार हनन भएको हो कि भन्ने भान हुन्छ । ममता आफ्ना कुरा कसैले नसुनिदिएको गुनासो गर्नुहुन्छ । आफ्नो जातिको संख्या थोरै भएको र अन्य समुदायको संख्या धेरै भएकाले आफूहरूको कुरा नसुनिएको हो कि भन्ने लागेको छ उहाँलाई ।

बोट जातिका महिलालाई सामाजिक र पारिवारिक बन्धनमा बाँच्नुपरेको छ । त्यसैले त रामपुर विलासीपुरकी ममताले घरबाट बाहिर निस्किंदा पनि ओढ्नेले कपाल ढाक्नुपर्ने बाध्यता छ । त्यसो त घरमा बस्दा पनि बोट जातिका महिलाले टाउकोबाट ओढ्ने सितिमिति हटाउँदैनन् । टाउकोबाट ओढ्ने हटाउँदा उनीहरूको समाजमा यो कस्ती रहिछे भनेर कुरा काट्न थालिन्छ । स्थानीय सुनिता बोटका अनुसार यो जातिमा पुरुषको आदेशबिना महिलालाई घरबाट बाहिर जाने अनुमति पनि छैन ।


**कक्षा ११ मा पढिरहेकी सुनिता बोटलाई आफूले मन पराएको जीवनसाथी खोज्ने रहर त छ तर उहाँको समाज र परिवारले त्यस्तो छुट दिएको छैन ।**


कक्षा ११ मा पढिरहेकी सुनिता बोटलाई आफूले मन पराएको जीवनसाथी खोज्ने रहर त छ तर उहाँको समाज र परिवारले त्यस्तो छुट दिएको छैन । यसो गरे समाज र परिवारले मर्यादा नाघेको लाञ्छना लगाउँछ । सनिताका अनुसार बोट जातिमा घरको सबै कामको जिम्मा महिलाको मात्रै हुन्छ । पुरुषले त बाहिरफेरको काममात्रै गर्छन् । घरधन्दासँगै खेतीपातीको काम पनि महिलाकै टाउकोमा थोपरिएको हुन्छ ।

सुनिता बोट कक्षा ११ सम्म पढ्ने बोट जातिकी एक्ली महिला हुन् । अहिलेसम्म राजनीतिक दलहरूबाट ठगिँदै आएका यस समुदायका महिलालाई नेपाल पिछडा वर्ग महासंघले भने केही गरिदिन्छ कि भन्ने आस छ । अहिलेसम्म आफूहरूले जुन पार्टीलाई भोट दिए पनि त्यो पार्टीले आफूहरूका लागि केही नगरेको उनीहरूको गुनासो छ ।

सुनिता शिक्षामा पहुँच नपुगेका कारण आफ्नो समुदायका महिला पछाडि परेको बताउनुहुन्छ । उहाँका अनुसार यस समुदायका महिलामा चेतनाको स्तर माथि उकास्न शिक्षामै जोड दिनुपर्ने आवश्यकता छ । राज्यले आफ्नो समुदायका महिलाका लागि शिक्षामा लगानी गरिदिनुपर्ने उहाँको माग छ । उहाँले भन्नुभयो, 'शिक्षा नभएकाले यस समुदायका महिला कुरा गर्न पनि जान्दैनन् । कुरा गर्न नजानेपछि कसैले पनि पत्याउँदैन ।'



**विश्व परिदृष्य वकालत मञ्चले सञ्चालन गर्दै आएको यस परियोजनाको रेडियो कार्यक्रम "महिला आवाज" सुन्न नबिर्सनु होला । हाम्रो रेडियो कार्यक्रम निम्न रेडियो स्टेशन तथा समयमा सुन्न सक्नु हुनेछ :**

**१) उज्यालो एफ एम, ९०.० मेगाहर्ज, काठमाडौं, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८ बजेसम्म ।**

**२) रेडियो खाँदबारी, १०५.८ मेगाहर्ज, संखुवासभा, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८ बजेसम्म ।**

**३) रेडियो नमोबुद्ध, १०६.७ मेगाहर्ज, काभ्रेपलाञ्चोक, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८ बजेसम्म ।**

**४) रेडियो गोर्खा, ९२.८ मेगाहर्ज, गोर्खा, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८ बजेसम्म ।**

**५) रेडियो भेरी, ९४.५ मेगाहर्ज, बाँके, प्रत्येक शुक्रबार साँझ ७:३० देखि ८ बजेसम्म ।**

**६) शुक्लाफाँटा एफ एम, ९९.४ मेगाहर्ज, कञ्चनपुर, प्रत्येक शुक्रबार साँझ ७:१५ देखि ७:४५ बजेसम्म ।**

CS CamScanner

# अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ (ILO 169) का मुख्यमुख्य प्रावधान

> **सम्बन्धित आदिवासी तथा प्रजातिको सहभागितामा ती समूहहरूको अधिकारहरूको संरक्षण गर्न तथा उनीहरूको अखण्डताको सम्मानलाई सुनिश्चित गर्न समन्वयकारी तथा योजनाबद्ध गतिविधिहरूको निर्माण गर्ने जिम्मेवारी सरकारको हुनेछ ।**

*प्रस्तावना :*

**अन्तर्राष्ट्रिय श्रम संगठनको साधारण सम्मेलन :**

आदिवासी तथा प्रजातिहरूले सांस्कृतिक विविधता एवं मानव जातिको सामाजिक तथा वातावरणीय सन्तुलनका साथै अन्तर्राष्ट्रिय सहयोग तथा समझदारीमा पुऱ्याएको आफ्नो छुट्टै किसिमको योगदानहरूलाई विचार गर्दै ...

आफ्ना संस्था, जीवन पद्धति, आर्थीक विकासलाई अभ्यास, नियन्त्रण गर्ने अपेक्षा र आफ्ना पहिचान, भाषा, र धर्मलाई अक्षुण्ण राख्ने र विकासलाई मान्यता दिदै ...

विश्वका धेरै देशहरूमा राज्यका अन्य समूह सो सरह आदिवासीहरूले आफ्नो आधारभूत मानवअधिकार उपभोग गर्न नपाएकोलाई दृष्टिगत गर्दै ......

२७ जुन, सन् १९८९ मा यस महासन्धिलाई पारित गर्दछ ।

*स्वपहिचानको अधिकार :*

धारा १.२ - यस महासन्धिका प्रावधानहरू कुन समूहहरूका लागि लागू हुन्छन् भनी निर्क्योल गर्न आदिवासी तथा प्रजातिहरूको स्व- पहिचानलाई आधारभूत मापदण्डको रुपमा लिइनेछ ।

*जिम्मेवारी :*

धारा २.१ - सम्बन्धित आदिवासी तथा प्रजातिको सहभागितामा ती समूहहरूको अधिकारहरूको संरक्षण गर्न तथा उनीहरूको अखण्डताको सम्मानलाई सुनिश्चित गर्न समन्वयकारी तथा योजनाबद्ध गतिविधिहरूको निर्माण गर्ने जिम्मेवारी सरकारको हुनेछ ।

*आधारभूत अधिकार :*

धारा ३३.१ - यो महासन्धिमा उल्लिखित विषयवस्तुहरूका लागि जिम्मेवार सरकारी निकायले सम्बन्धित आदिवासी तथा प्रजातिलाई असर गर्ने विषयवस्तुहरूको कार्यान्वयनका लागि निकायहरू वा अन्य उपयुक्त संयन्त्रहरू विद्यमान छन् भनेर सुनिश्चित गर्नुपर्दछ । त्यस्तै गरेर ती निकायहरू वा संयन्त्रहरूसँग आफ्ना विषयवस्तुहरूको उपयुक्त कार्यान्वयनका लागि आवश्यक साधनहरू छन् भनेर सुनिश्चित गर्नुपर्दछ ।

धारा ३ .१. - आदिवासी तथा प्रजातिहरूले मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरू पूर्णरुपले तथा निर्वाधरुपमा र बिना कुनै भेदभाव उपभोग गर्न पाउने छन् । यस महासन्धिका प्रावधानहरू ती समूहका पुरुष र महिला सदस्यहरू दुवैमा बिनाकुनै भेदभाव लागू हुने छन् ।

धारा ३.२. - कुनै पनि किसिमको शक्ति वा करकाप प्रयोग गरेर ती आदिवासी तथा प्रजातिको मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरू, जसमा यस महासन्धिमा उल्लिखित अधिकारहरू पनि समावेश छन्, त्यसको उल्लंघन गरिने छैन ।

*विशेष उपाय अपनाउनुपर्ने :*

धारा ४.१ - सम्बन्धित आदिवासी तथा प्रजातिका व्यक्तिहरू, संस्थाहरू, सम्पत्ति, रोजगारी, संस्कृति तथा वातावरणको संरक्षणका लागि उपयुक्त विशेष उपायहरू अपनाइनेछ ।

धारा ४.२ - ती विशेष उपायहरू सम्बन्धित समूहहरूको स्वतन्त्रतापूर्वक व्यक्त इच्छाको विपरीत हुनेछैन ।

*परामर्श :*

धारा ६.१ - यस महासन्धिका प्रावधानहरूलाई लागू गर्दा सरकारले:
क) ती आदिवासी तथा प्रजातिहरूलाई प्रत्यक्षरुपमा असर पार्नसक्ने कानूनी वा प्रशासनिक उपायहरूलाई अवलम्बन गर्ने बारेमा सोचाई बनाउदा सम्बन्धित आदिवासी तथा प्रजातिहरूसंग उपयुक्त प्रक्रियाहरूद्वारा तथा खास गरेर उनीहरूको प्रतिनिधिमूलक संस्थाहरूको माध्यमद्वारा परामर्श गर्नुपर्दछ ।

*सहभागिता :*

धारा ७.१ - सम्बन्धित आदिवासी तथा प्रजातिहरूलाई आफ्नो जीवन, आस्था, विश्वास, संस्थाहरू तथा आध्यात्मिक समृद्धि एवं उनीहरूले ओगटेका वा प्रयोग गर्ने भूमिमा असर गर्ने विकासका प्रक्रियाहरूका बारेमा आफ्ना प्राथमिकताहरू निर्धारण गर्ने अधिकार रहनेछ तथा यथासक्य आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमाथि नियन्त्रण राख्ने अधिकार हुनेछ । यसका साथै उनीहरू आफूलाई प्रत्यक्ष असर गर्नसक्ने राष्ट्रिय तथा क्षेत्रीय विकासका लागि बनाइने योजना तथा कार्यक्रमहरूको निर्माण, कार्यान्वयन तथा मूल्याङ्कनमा सहभागी हुने अधिकार हुनेछ ।

CamScanner

*विकास:*

धारा २.२ - यस महासन्धिको कार्यान्वयनको लागि गरिने सरकारद्वारा गरिने काम कारबाहीमा निम्नलिखित कुराहरू समावेश हुनेछ :

धारा २.२ (ग) आदिवासी तथा प्रजातिहरूको चाहना तथा जीवनपद्धतिसंग मिल्दो किसिमले उनीहरू तथा राष्ट्रिय समुदायका अन्य समूहहरूका बीच हुनसक्ने सामाजिक तथा आर्थिक विभाजनहरूलाई निर्मूल पार्न सम्बन्धित आदिवासी तथा प्रजातिका सदस्यहरूलाई सघाउने ।

धारा ७.१ - सम्बन्धित आदिवासी तथा प्रजातिहरूलाई आफ्नो जीवन, आस्था, संस्थाहरू तथा आध्यात्मिक समृद्धि एवं उनीहरूले बसोवास गर्ने वा प्रयोग गर्ने भूमिलाई असर गर्ने विकासका प्रक्रियाहरूका बारेमा आफ्नो प्राथमिकताहरूको निर्णय गर्ने तथा सम्भव भएसम्म आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमाथि नियन्त्रण राख्ने अधिकार हुनेछ । यसका साथै उनीहरू आफूलाई प्रत्यक्ष असर गर्नसक्ने राष्ट्रिय तथा क्षेत्रीय विकासका लागि बनाइने योजना तथा कार्यक्रमहरूको निर्माण, कार्यान्वयन तथा मूल्याङ्कनमा सहभागी हुनेछन् ।

धारा ७.३ - सरकारद्वारा सम्बन्धित समूहहरूका लागि गरिने योजनाबद्ध विकास गतिविधिहरूका सामाजिक, आध्यात्मिक, सांस्कृतिक तथा वातावरणीय असरहरूको मूल्याङ्कनका लागि आवश्यक अध्ययनहरू गरिँदा ती समूहहरूको सहयोगमा गरिने कुरालाई सुनिश्चित गर्नु पर्दछ । अध्ययनका निचोडहरूलाई त्यस्ता विकास गतिविधिहरू लागू गरिँदा आधारभूत मापदण्डको रुपमा लिनु पर्दछ ।

धारा २.२(ख) सम्बन्धित समूहहरूको सामाजिक तथा सांस्कृतिक पहिचान एवं उनीहरूको प्रथा, परम्परा तथा संस्थाहरूको सम्मान गर्दै उनीहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारहरूको पूर्ण प्राप्तिलाई प्रवर्द्धन गर्ने ।

> **"सम्बन्धित समूहहरूको सामाजिक तथा सांस्कृतिक पहिचान एवं उनीहरूको प्रथा, परम्परा तथा संस्थाहरूको सम्मान गर्दै उनीहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारहरूको पूर्ण प्राप्तिलाई प्रवर्द्धन गर्ने।"**

*आदिवासीहरू को प्रथा परम्पराको अधिकार:*

धारा ८.१ - सम्बन्धित आदिवासी तथा प्रजातिहरूमा राष्ट्रिय कानून तथा नियमावलीहरू लागू गर्दा उनीहरूको परम्परा वा परम्परागत कानूनहरूलाई उचित ध्यान दिइनेछ ।

धारा ८.२ - सम्बन्धित आदिवासी तथा प्रजातिलाई राष्ट्रिय कानूनी पद्धतिले मान्यता दिएका आधारभूत अधिकारहरू तथा अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानवअधिकारहरूसंग मेलखाने गरी आफ्नो परम्परा तथा संस्थाहरूलाई निरन्तरता दिने अधिकार हुनेछ । यो सिद्धान्तलाई लागू गर्दा उत्पन्न हुनसक्ने द्वन्द्वहरूको समाधानका लागि आवश्यक भएको अवस्थामा उपयुक्त प्रावधानहरूको निर्माण गरिनेछ ।

धारा ९.१ - राष्ट्रिय कानूनी पद्धति तथा अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानवअधिकारहरूसँग मिल्दो भएको अवस्थासम्म सम्बन्धित समूहले आफ्नो सदस्यले गर्ने कुनै अपराधलाई सम्बोधन गर्न अपनाउने उनीहरूको आफ्नै परम्परागत विधिहरूलाई सम्मान गरिनेछ ।

*न्याय प्रशासन :*

धारा ९.२ - यी आदिवासी तथा प्रजातिहरूले फौजदारी मुद्दाहरूको विषयमा अपनाउने आफ्ना प्रथाहरूलाई त्यस्ता मुद्दाहरू हेर्ने अधिकारी तथा अदालतहरूले विचार पुऱ्याउने छन् ।

धारा १०.१ - यी आदिवासी तथा प्रजातिहरूका सदस्यका लागि सामान्य कानूनद्वारा निर्धारित सजाय तोक्दा उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विशेषताहरूलाई ध्यान दिइनेछ ।

धारा १०.२ - कारागार वा जेल सजायबाहेकका अन्य सजायका उपायहरूलाई प्राथमिकता दिइनेछ ।

धारा १२ - सम्बन्धित आदिवासी तथा प्रजातिलाई उनीहरूको अधिकारहरूको हनन हुनबाट संरक्षित गरिनेछ र ती समूहले व्यक्तिगतरुपमा वा आफ्ना प्रतिनिधिमूलक संस्थाहरूका मार्फत् आफ्ना अधिकारहरूको संरक्षणका लागि कानूनी प्रक्रियाहरू अपनाउन सक्ने छन् । यी समूहका सदस्यहरूले कानूनी प्रक्रियाहरूलाई बुझ्न सकुन् र आफूलाई बुझाउन सकुन् भनेर सुनिश्चित गर्न उपायहरू अपनाइनेछ । यसका लागि आवश्यक भएमा अनुवादको व्यवस्था वा अन्य कुनै प्रभावकारी माध्यम अपनाइनेछ ।

*भूमिको अवधारणा:*

धारा १४.१ - सम्बन्धित आदिवासी तथा प्रजातिहरूको आफूले परम्परागतरुपले बसोवास गरिरहेको भूमिमाथिको अधिकार तथा स्वामित्वलाई मान्यता दिइनेछ । यसका अलावा यी समूहहरूले आफैंले पूर्णरुपमा बसोवास नगरेको तर उनीहरूले परम्परागतरुपमा आफ्नो जीवन निर्वाह तथा परम्परागत गतिविधिका लागि

CS CamScanner

पहुँच पाएको भूमिको प्रयोगको अधिकारलाई संरक्षण गर्न पनि उपयुक्त अवस्थाहरूमा उपायहरू अवलम्बन गरिने छ। यसो गर्दा घुमन्ते समूह तथा घुमन्ते खेती गर्ने समूहहरूको अवस्थालाई विशेष ध्यान दिइनेछ।

> "पुनर्वास गर्नुपर्ने कारण समाप्त हुने बितिकै यी आदिवासी तथा प्रजातिहरूलाई सम्भव भएसम्म आफ्ना परम्परागत भूमिहरूमा फर्कने अधिकार हुनेछ।"

धारा १७.१ - यी आदिवासी तथा प्रजातिहरूले आफ्ना सदस्यहरू बीच हुने भूमिको अधिकारको हस्तान्तरणका लागि अपनाउने प्रक्रियाहरूलाई सम्मान गरिने छ।

धारा १४.२ - सरकारले सम्बन्धित आदिवासी तथा प्रजातिहरूले परम्परागत रुपमा बसोवास गरेको भूमिहरूको पहिचानको साथै ती भूमिहरू माथि उनीहरूको स्वामित्वको प्रभावकारी प्रत्याभूतिलाई सुनिश्चित गर्न आवश्यक कदमहरू चाल्ने छ।

धारा १४.३ - सम्बन्धित आदिवासी तथा प्रजातिले गर्ने भूमिमाथिको दावीलाई समाधान गर्न राष्ट्रिय कानूनी पद्धतिअन्तर्गत पर्याप्त प्रक्रियाहरूको स्थापना गरिने छ।

*प्राकृतिक स्रोतहरू :*

धारा ७.४ - सरकारले सम्बन्धित आदिवासी तथा प्रजातिको सहयोगमा उनीहरूले बसोवास गरिरहेको भू-भागको वातावरणलाई संरक्षण तथा प्रवर्द्धन गर्न उपायहरू अवलम्बन गर्नेछ।

धारा १५.१ - सम्बन्धित आदिवासी तथा प्रजातिहरूको भूमिमा रहेको प्राकृतिक स्रोतहरू माथिको उनीहरूको अधिकारलाई विशेषरुपले संरक्षित गरिने छ। यो अधिकार अन्तर्गत त्यस्ता स्रोतहरूको प्रयोग, व्यवस्थापन तथा संरक्षणमा ती आदिवासी तथा प्रजातिहरूको सहभागी हुने अधिकार पर्दछ।

धारा १५.२ - यदि कुनै अवस्थामा खनिज वा जमीनमुनिको स्रोतहरूको स्वामित्व वा भूमिमा रहेका अन्य स्रोतहरू माथिको अधिकार राज्यमा निहित रहेमा सरकारले सम्बन्धित आदिवासी तथा प्रजातिको भूमिमा रहेका स्रोतहरूको अन्वेषण वा दोहनका लागि ल्याइने कुनै कार्यक्रमलाई शुरु गर्नु वा अनुमति दिनुअघि ती आदिवासी तथा प्रजातिहरूको हितहरूलाई बाधा पुऱ्याउने छ वा छैन र पुऱ्याउने भए कति मात्रामा पुऱ्याउँदछ, त्यो थाहा पाउन सम्बन्धित समूहसँग परामर्श गर्ने प्रक्रियाहरूको निर्माण गर्नेछ। सम्बन्धित समूहले सम्भव भएसम्म त्यस्ता कार्यक्रमबाट हुने फाइदाहरूमा सहभागिता जनाउनेछन् र त्यस्ता कार्यक्रमबाट हुनसक्ने कुनै नकारात्मक असरको उचित क्षतिपूर्ति पनि पाउने छन्।

*अपवादको रुपमा पुनर्वास :*

धारा १६.२ - अपवादको रुपमा यी आदिवासी तथा प्रजातिहरूलाई हटाउन वा पुनर्वास गर्न आवश्यक ठहराइएमा, त्यस अवस्थामा उनीहरूको स्वतन्त्र तथा सुसूचित सहमतिमा मात्र पुनर्वास गराइनेछ। यदि सहमति पाउन नसकिएमा राष्ट्रिय कानून तथा नियमावलीहरूद्वारा स्थापित उपयुक्त प्रक्रियाहरू अवलम्बन गरेर मात्र त्यस्तो पुनर्वास गरिनेछ। यस्तो प्रक्रियाअन्तर्गत उपयुक्त भएसम्म, सम्बन्धित समूहको प्रभावकारी प्रतिनिधित्वको अवसर प्रदान गर्ने गरी गरिने सार्वजनिक सुनुवाइ पनि पर्दछ।

धारा १६.३ - पुनर्वास गर्नुपर्ने कारण समाप्त हुने वित्तिकै यी आदिवासी तथा प्रजातिहरूलाई सम्भव भएसम्म आफ्ना परम्परागत भूमिहरूमा फर्कने अधिकार हुनेछ।

*क्षतिपूर्ति :*

धारा १६.४ - सहमतिमा निर्धारण भए अनुसार फर्कन नपाएको अवस्थामा वा सहमति नै नभएको अवस्थामा सम्बन्धित आदिवासी तथा प्रजातिहरूलाई उपयुक्त प्रक्रियाहरूको माध्यमद्वारा आफूले विगतमा बसोवास गरिरहेका भूमिहरूको क्षतिपूर्तिस्वरुप कम्तीमा पनि त्यही गुण तथा कानूनी मान्यता बराबरको भूमि, उनीहरूको वर्तमान आवश्यकताहरू तथा भविष्यको विकासलाई पूर्ति गर्नका लागि उपयुक्त हुने गरी प्रदान गरिने छ। यदि सम्बन्धित आदिवासी तथा प्रजातिहरूले क्षतिपूर्तिको रुपमा पैसा वा अन्य कुनै विकल्पलाई स्वीकार गरेमा उनीहरूलाई उपयुक्त प्रत्याभूतिहरूका साथ सो क्षतिपूर्ति प्रदान गरिनेछ।

धारा १६.५ - पुनर्वास गराइएका व्यक्तिहरूलाई उनीहरूले गुमाएका वस्तु वा उनीहरूलाई पुग्न गएको क्षतिको पूर्ण क्षतिपूर्ति दिइने छ।

*परम्परागत अर्थतन्त्र :*

धारा २३.१ - सम्बन्धित आदिवासी तथा प्रजातिहरूको हस्तकला, ग्रामीण तथा समुदायमा आधारित उद्योगहरू र शिकार खेल्ने, माछा मार्ने, जाल हान्ने तथा वस्तुहरू संकलन गर्नेजस्ता जीवन निर्वाहका लागि गरिने अर्थतन्त्र एवं परम्परागत गतिविधिहरूलाई उनीहरूको संस्कृति तथा आर्थिक स्वावलम्बन एवं विकासको निरन्तरताको लागि महत्वपूर्ण तत्वहरूको रुपमा मान्यता दिइनेछ। सरकारहरूले यी समूहहरूको सहभागितामा र उपयुक्त भएसम्म यस्ता [illegible] तथा प्रवर्द्धनलाई

CamScanner

सुनिश्चित गर्नेछ ।

धारा १४.१ - सम्बन्धित आदिवासी तथा प्रजातिहरूको आफूले परम्परागतरुपले बसोवास गरिरहेको भूमिमाथिको अधिकार तथा स्वामित्वलाई मान्यता दिइनेछ । यसका अलावा यी समूहहरूले पूर्णरुपमा बसोवास नगरेका तर उनीहरूले परम्परागतरुपमा आफ्नो जीवन निर्वाह तथा परम्परागत गतिविधिका लागि पहुँच पाएको भूमिको प्रयोगको अधिकारलाई संरक्षण गर्न पनि उपयुक्त अवस्थाहरूमा उपायहरू अवलम्बन गरिनेछ । यसो गर्दा घुमन्ते समूह तथा घुमन्ते खेती गर्नेहरूको अवस्थालाई विशेष ध्यान दिइनेछ ।

*रोजगारी :*

धारा २२.१ - व्यापकरुपमा कार्यान्वयन हुने व्यावसायिक तालिम कार्यक्रमहरूमा सम्बन्धित आदिवासी तथा प्रजातिका सदस्यहरूको स्वेच्छिक सहभागितालाई प्रवर्द्धन गर्न उपायहरू अपनाइनेछ ।

धारा २२.२ - सञ्चालन गरिएका व्यावसायिक तालिम कार्यक्रमहरूले सम्बन्धित आदिवासी तथा प्रजातिहरूको विशेष आवश्यकताहरूलाई पूर्ति गर्न नसकेको अवस्थामा सरकारहरूले यी समूहहरूको सहभागितामा विशेष तालिम कार्यक्रम तथा सुविधाहरू प्रदान गर्ने विषय सुनिश्चितता गर्नु पर्दछ ।

धारा २०.१ - सरकारले राष्ट्रिय कानून तथा नियमावलीहरू भित्र रहेर र सम्बन्धित आदिवासी तथा प्रजातिका कामदारहरूको नियुक्ति तथा काम गर्ने अवस्थाको प्रभावकारी संरक्षणलाई सुनिश्चित गर्न विशेष उपायहरू अपनाउने छ । यस्ता विशेष उपायहरू सबै कामदारहरूका लागि भनेर ल्याइएका सामान्य कानूनहरूले सम्बन्धित समूहका कामदारहरूको प्रभावकारी संरक्षण गर्न नसकेको हदसम्म अपनाइने छ ।

धारा २०.२ - सरकारले सम्बन्धित आदिवासी तथा प्रजातिका कामदारहरू तथा अन्य कामदारहरूका बीच हुने भेदभावलाई रोक्न हरसम्भव सबै कुरा गर्नेछ ।

*स्वास्थ्य :*

धारा २५.२ - स्वास्थ्य सेवाहरू यथासक्य समुदायमा आधारित हुने छन् । यी सेवाहरूका बारेमा सम्बन्धित आदिवासी तथा प्रजातिको सहकार्यमा योजना बनाइनेछ तथा कार्यान्वयन गरिनेछ र यी सेवाहरूले सम्बन्धित समूहको आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक अवस्थाहरूका साथै उनीहरूको परम्परागत रोकथाम र झारफूकका विधिहरू तथा औषधिहरूलाई ख्यालमा राख्नेछन् ।

**"सरकारले सम्बन्धित आदिवासी तथा प्रजातिका कामदारहरू तथा अन्य कामदारहरूका बीच हुने भेदभावलाई रोक्न हरसम्भव सबै कुरा गर्नेछ ।"**

*सामाजिक सुरक्षा :*

धारा २४ - सामाजिक सुरक्षाका व्यवस्थाहरू सम्बन्धित आदिवासी तथा प्रजातिहरूलाई सम्बोधन गर्न क्रमिक रुपमा विस्तार गरिनेछ, र सो सेवा बिनाभेदभाव उनीहरूमा लागू गरिनेछ ।

*शिक्षाको अधिकार :*

धारा २६ - सम्बन्धित आदिवासी तथा प्रजातिका सदस्यहरूले कम्तीमा पनि राष्ट्रिय समुदायका अन्य सदस्यहरू सरह शिक्षाका सबै तहमा अवसरहरू प्राप्त गर्न सकुन् भनेर सुनिश्चित गर्न उपायहरू अवलम्बन गरिनेछ ।

धारा २७.१ - शैक्षिक कार्यक्रम तथा सेवाहरू सम्बन्धित आदिवासी तथा प्रजातिहरूको सहयोगमा उनीहरूका विशेष आवश्यकताहरूलाई सम्बोधन गर्न निर्माण तथा कार्यान्वयन गरिनेछन् । यी शैक्षिक कार्यक्रम तथा सेवाहरूले उनीहरूको इतिहास, ज्ञान, प्रविधिहरू तथा मूल्य पद्धति एवं उनीहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक चाहनाहरूलाई समावेश गर्नेछन् ।

धारा २८.१ - सम्बन्धित आदिवासी तथा प्रजातिका बालबालिकाहरूलाई व्यवहारिक भएसम्म उनीहरूको आफ्नै आदिवासी भाषामा वा उनीहरूको समूहले सबैभन्दा व्यापकरुपमा प्रयोग गर्ने भाषामा पढ्न लेख्न सिकाइनेछ र शिक्षा दिइने छ । यो सम्भव नभएको अवस्थामा सम्बन्धित निकायले यो उद्देश्य प्राप्त गर्न अवलम्बन गर्नुपर्ने उपायहरू पत्ता लगाउन सम्बन्धित समूहसँग परामर्श गर्नेछ ।

धारा २८.२ - सम्बन्धित आदिवासी तथा प्रजातिहरूले राष्ट्रिय भाषा वा देशको कुनै एउटा सरकारी भाषामा दक्षता प्राप्त गर्ने अवसर प्राप्त गर्न सकुन् भनेर सुनिश्चित गर्नका लागि पर्याप्त उपायहरू अवलम्बन गरिनेछ ।

धारा ३१ - राष्ट्रिय समुदायका सबै क्षेत्रहरूमा तथा खास गरेर यी आदिवासी तथा प्रजातिहरूसँग प्रत्यक्षरुपमा सम्पर्कमा रहेका समुदाय तथा व्यक्तिहरूमा यी समूहहरू प्रति विद्यमान हुन सक्ने पूर्वाग्रहलाई निर्मूल पार्ने उद्देश्यले शैक्षिक उपायहरू अवलम्बन गरिनेछन् । यस उद्देश्यका लागि इतिहासका पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीहरूले सम्बन्धित समूहहरूको समाज तथा संस्कृतिहरूका बारेमा न्यायपूर्ण, सही तथा सूचनामूलक चित्रणहरू प्रस्तुत गरुन् भनेर सुनिश्चित गर्न प्रयासहरू गरिने छन् ।

# महिला मञ्चको सम्पर्क कार्यालय स्थापना

**संखुवासभा :** खराङ्ग गाविसमा गठित लोकतान्त्रिक महिला मञ्चले खराङ्ग बजारमा कोठा भाडामा लिएर मञ्चको सम्पर्क कार्यालय स्थापना गरेको छ । मञ्चका सल्लाहकार सदस्य मायादेवी रायले सम्पर्क कार्यालय स्थापनापछि कुनै पनि समस्याबाट पीडित महिलाहरूलाई उचित परामर्शका लागि सहज हुने र मञ्चलाई सशक्त र स्वतन्त्र संस्थाका रुपमा विकसित गराउने सहयोग पुग्ने बताउनुभयो ।



## महिला सिर्जना

### मनको कुरा

**-निर्मला भण्डारी**

मनभरि दुःख बोकी कति गरौं उकाली र ओराली
अब यसलाई छोडिदिउँ बढौं अघि सबै मिली ।
कसलाई सुनाउँ कसलाई बताउँ यो मनको मर्म
कसैलाई नै दोष दिन्न दुःखी मेरै कर्म ।
स्वार्थी नै छन् दुनियाँ पनि बिर्सिदिए गुण पनि
एक्लो पर्दा हराइदिए आकाशको जून पनि ।
विहान-बेलुका डोको बोकी जान्छु सधैं बनमा
जीवनदेखि आफैंलाई धिक्कार लाग्छ मनमा ।

*सिम्थली-५ डाँडाखर्क, काभ्रे*
*सदस्य, मखमली लोकतान्त्रिक महिला मञ्च*

### छोरीको वेदना

**-संगिता खत्री**

छोरी बनी जन्म लिए छैन हाम्रो कदर
हामीले बोल्ने बोलीहरु हुन्छन् सबै बदर ।
छोरी पनि मान्छे नै हुन् केही गर्न सक्थे
हिड्ने बाटो पाउन सके देश विकासमा लाग्थे ।
नारी आवाज उठाउँदा पोथी बासे भन्छन्
बकम्फुसे पुरुषहरु मान्छे होइन ठान्छन् ।
अघि बढ्न छोरीलाई काम धन्दाले थिचेको छ
अधिकारलाई खोसेर यही समाजले मिचेको छ,
हामी गाउँले महिलाहरुमा खोई त लोकतन्त्र ?

*सिम्थली-७, काभ्रे*

### महिला

**-देवकी विश्वकर्मा**

पोखरामा फेवाताल छ,
मुगुमा रारा,
महिला पनि थाम्न सक्छन्
देशको अभिभारा,
हिमालको डाँफे चरी
मैदानको मैना,
अघि बढौं महिलाहरु
पछि हट्ने हैन,
आवश्यक छ महिलाहरु
समूहमा जुट्न,
हुन्न अब गाउँबस्ती र टोल छिमेकमा फुट्न,
अधिकार खोजौं अब
महिलाहरु निस्क,
दुःख, पीडा, वेदनालाई साथमा भन्नु पर्छ
चुलाचौका हैन अब नेता बन्नु पर्छ,
महिलाहरु अब हामी,
आफैं पनि सोच्नु पर्छ,
माग्ने होइन अधिकार
संघर्षले खोज्नु पर्छ,
महिलाहरु अब हामी
अघि-अघि सरौं,
बोल्ने शक्ति सामर्थ्यलाई सुनिश्चित गरौं,
फूल राम्रो मखमली
मन्दिर राम्रो मनकामना,
अधिकार सबैको सुनिश्चित होस ।

*सिम्थली-३, काभ्रे*

CamScanner

# मञ्चका सदस्यलाई रेडियो वितरण

**संखुवासभा:** लोकतान्त्रिक महिला मञ्च स्यावुन, मत्स्यपोखरी, वानेश्वर र खराङ्गका १३ जना सदस्यका लागि एकएकवटा रेडियो वितरण गरिएको छ । मञ्चका सदस्यले परियोजनाद्वारा हरेक साताको शुक्रबार प्रसारित महिला आवाज कार्यक्रम सुन्न समस्या भएको बताएपछि मञ्चको नियमित बैठक सञ्चालन खर्चअर्न्तगतको रकम बचाएर रेडियो वितरण गरिएको हो ।



मञ्चका सदस्यहरूले रेडियो कार्यक्रम सुन्नका लागि परिवारका सदस्यहरूसँग अनुमति मागेर समय मिलाउनुपर्ने लगायतका अप्ठ्यारा देखाएका थिए । मञ्चका सदस्यले रेडियो कार्यक्रम नियमित सुनेर टिपोट गरी मञ्चको बैठकमा छलफल गर्ने तथा अन्य ज्ञानबर्द्धक कार्यक्रमहरू पनि सुनेर छलफल गर्ने बताएका छन् ।

# सडक नाटक प्रदर्शन

**संखुवासभा:** राजनीतिमा सिमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि कार्यक्रमअर्न्तगत बाह्रबीसे बजार र चैनपुर महोत्सवका अवसरमा खराङ्ग बजारमा परियोजनाको प्राविधिक सहयोग तथा लोकतान्त्रिक महिला मञ्च संखुवासभाको आयोजनामा राजनीतिमा महिला सहभागिता विषयक सडक नाटक प्रदर्शन गरिएको छ ।



बाह्रबीसेमा प्रदर्शन गरिएको नाटकमा सामाजिक सचेतना केन्द्र धुपुका सदस्यहरू लक्ष्मी चापागाईं, गायत्री चापागाईं, शीव चापागाईं र टीका थापा मगरले अभिनय गर्नुभएको थियो ।

त्यसैगरी खराङ्ग बजारमा प्रदर्शित नाटकमा जिल्ला मञ्चका सदस्य सरिता चाम्लिङ्ग, लोकतान्त्रिक महिला मञ्च वानेश्वरका कोषाध्यक्ष संगिता श्रेष्ठ, स्थानीय पुष्प पाण्डे र कुलराज जिमीले अभिनय गर्नु भएको थियो । त्यस अवसरमा नृत्य र गीत पनि प्रस्तुत गरिएको थियो ।

CamScanner

# तस्बिरमा लोकतान्त्रिक महिला मञ्च









**तपाई पनि राजनीतिमा सीमान्तकृत महिलाहरूको सहभागिता अभिवृद्धि गर्न सहयोग पुऱ्याउन चाहानुहुन्छ भने हामीलाई सामग्री पठाई सहयोग गर्नुहोस् । हामी तपाईले पठाउनु भएको उचित सामग्री त्रैमासिक बुलेटिन वा रेडियो मार्फत प्रसारण गर्नेछौं ।**

## हामीलाई सामग्री पठाउने ठेगाना:


तारा दर्जी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, संखुवासभा
सिर्जना आले मगर, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, काभ्रेपलाञ्चोक
संगीता अधिकारी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, लमजुङ
लक्ष्मी चौधरी, जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, बांके
सुनिता बसुवा (दर्जी), जिल्ला परियोजना सहजकर्ता, जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुर

वा

हाम्रो पोष्ट बक्स नम्बर : ११९२३, काठमाडौं
ईमेल: ppukorg@wlink.com.np


CamScanner